# आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

**आर्थिक मामिला मन्त्रालय**

**धनगढी, कैलाली**

२०८० माघ

*प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ (४) को व्यवस्था बमोजिम प्रकाशित*

**बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन**

**प्रकाशकः**
प्रदेश सरकार
**आर्थिक मामिला मन्त्रालय**
सुदूरपश्चिम प्रदेश

**आर्थिक वर्षः** २०८०/८१

©प्रतिलिपि अधिकार
प्रदेश सरकार
**आर्थिक मामिला मन्त्रालय**
सुदूरपश्चिम प्रदेश

**प्रकाशन मितिः** माघ, २०८०
**मुद्रण प्रतिः** २००

Email: moea@sudurpashchim.gov.np
URL: www.moea.sudurpashchim.gov.np
फोनः ०९१-४२०१०७

## मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा

१. प्रस्तुत बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरूको वित्तीय विवरण र वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समावेश गरिएको छ।

२. सम्बन्धित मन्त्रालय, सचिवालय र निकायले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवं सोसँग सम्बन्धित विवरणका अतिरिक्त खर्चका सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क समेतका आधारमा आय व्यय विवरण प्रस्तुत गरिएको छ।

३. प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण पनि यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

४. प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा स्थानीय तहहरुलाई प्रवाह गरिएको वित्तीय हस्तान्तरण (समानीकरण, समपूरक र विशेष अनुदान) को विवरण प्रस्तुत गरिएको छ।

आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश

# विषयसूची


परिच्छेद १ परिचय ..... १

१.१. पृष्ठभूमि ..... १

१.२. नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था ..... १

१.३. प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था ..... ३

१.३.१. प्रदेश सञ्चित कोष ..... ३

१.३.२. प्रदेश आन्तरिक ऋण ..... ३

१.३.३. प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन ..... ४

परिच्छेद २ बजेट खर्चको विश्लेषण ..... ५

२.१. वार्षिक बजेट विनियोजन र खर्चको विवरण ..... ५

२.२. मन्त्रालयगत खर्चको विवरण ..... ६

२.३. स्रोतगत खर्चको विवरण ..... १०

२.४. विगत आर्थिक वर्षको खर्चको तुलना ..... ११

२.५. कार्यगत खर्चको स्थिति ..... १३

२.६. प्राथमिकताका आधारमा खर्चको स्थिति ..... १५

२.७. रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति ..... १५

२.८. दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति ..... १६

२.९. लैंगिक बजेट विनियोजन र खर्च स्थिति ..... १६

२.१०. जलवायु बजेट विनियोजन र खर्च ..... १७

२.११. खर्च शीर्षकगत खर्च स्थिति ..... १७

परिच्छेद ३ स्रोत व्यवस्थापन विश्लेषण ..... २२

३.१. स्रोत व्यवस्थापन ..... २२

३.२. प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको अवस्था ..... २३

३.३. स्रोत व्यवस्थापनको तुलना ..... २६

परिच्छेद ४ अन्तर सरकारी वित्तीय हस्तान्तरण ..... २८

४.१. प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण ..... २८

४.१.१. वित्तीय समानीकरण अनुदान ..... २८

४.१.२. सशर्त अनुदान ..... २८

४.१.३. विशेष अनुदान ..... २८

४.१.४. समपूरक अनुदान ..... २८

४.१.५. अर्धवार्षिक अवधिमा भएको वित्तीय हस्तान्तरणको विवरण ..... २९

परिच्छेद ५ वित्तीय क्षेत्र विश्लेषण ..... ३५

परिच्छेद ६ मन्त्रालयगत प्रगति विवरण ..... ३६

६.१. प्रदेश व्यवस्थापिका ..... ३६
६.१.१. वित्तीय विवरण ..... ३६
६.१.२. प्रमुख उपलब्धि ..... ३६
६.२. प्रदेश लोक सेवा आयोग ..... ३८
६.२.१. वित्तीय विवरण ..... ३८
६.२.२. प्रमुख उपलब्धि ..... ३८
६.२.३. अन्य उपलब्धिहरु ..... ३८
६.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ..... ३९
६.३.१. वित्तीय विवरण ..... ३९
६.३.२. प्रमुख उपलब्धि ..... ३९
६.३.३. अन्य उपलव्धीः ..... ४०
६.४. आर्थिक मामिला मन्त्रालय ..... ४१
६.४.१. वित्तीय विवरण ..... ४१
६.४.२. प्रमुख उपलब्धि ..... ४१
६.५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ..... ४३
६.५.१. वित्तीय विवरण ..... ४३
६.५.२. प्रमुख उपलब्धि ..... ४३
६.५.३. अन्य उपल्बधीः ..... ४४
६.६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ..... ४५
६.६.१. वित्तीय विवरण ..... ४५
६.६.२. प्रमुख उपलब्धि ..... ४५
६.६.३. अन्य उपलव्धीहरुः ..... ४७
६.७. आन्तरिक मामिला तथा कानून मन्त्रालय ..... ४८
६.७.१. वित्तीय विवरण ..... ४८
६.७.२. बहुवर्षिय योजनाको हालसम्मको प्रगति स्थितिः ..... ५०
६.८. भौतिक पूर्वाधार विकास मन्त्रालय ..... ५१
६.८.१. वित्तीय विवरण ..... ५१
६.८.२. प्रमुख उपलब्धि ..... ५१
६.८.३. क्षेत्रगत उपलब्धिः ..... ५२
६.९. सामाजिक विकास मन्त्रालय ..... ५४
६.९.१. वित्तीय विवरण ..... ५४
६.९.२. अन्य उपलव्धिः ..... ५६
६.१०. प्रदेश नीति तथा योजना आयोग ..... ५७
६.१०.१. वित्तीय विवरण ..... ५७

६.१०.२. प्रमुख उपलब्धि ........................................................ ५७
७) परिच्छेद ७ खर्च र स्रोत परिचालनको संशोधित अनुमान र आधार ...................... ५९
७.१. खर्चको संशोधित अनुमान ........................................................ ५९
७.१.१. खर्च संशोधनका आधार ........................................................ ५९
७.१.२. चालु खर्च अनुमान ........................................................ ६०
७.१.३. पुँजीगत खर्च अनुमान ........................................................ ६०
७.२. स्रोतगत खर्च अनुमान ........................................................ ६१
८) परिच्छेद ८ बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य ................ ६३
८.१. बजेट कार्यान्वयन ........................................................ ६३
८.२. राजस्व व्यवस्थापनतर्फ ........................................................ ६३
९) अनुसूची -१ चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा स्वीकृति प्रदान गरिएका बहुवर्षीय योजनाहरूको बिस्तृत विवरण ........................................................ ६४

# तालिका सूची

तालिका २-१ शिर्षकगत विनियोजन र पहिलो ६ महिनाको खर्चको अवस्था......................५
तालिका २-२ आर्थिक वर्ष २०७९/८० र चालु आर्थिक वर्षको पौष मसान्तसम्मको खर्चको तुलनात्मक........................................................................................६
तालिका २-३ शुरु तथा यथार्थ विनियोजन र खर्चको अवस्था........................................ ८
तालिका २-४ मन्त्रालय/निकायगत खर्चको भार (प्रतिशतमा)........................................ ९
तालिका २-५ स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्था................................१०
तालिका २-६ स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्था................................ ११
तालिका २-७ चालु आर्थिक वर्ष तथा विगत ५ आर्थिक वर्षहरुको कूल विनियोजित बजेट र पुस मसान्तसम्मको खर्चको अवस्था .............................................१२
तालिका २-८ कार्यगत शीर्षक अनुसार कुल विनियोजन र अर्धवार्षिक अवधिको खर्चको तुलना.......................................................................................१५
तालिका २-९ समीक्षा अवधिमा प्राथमिकताका आधारमा भएको विनियोजन र खर्चको अवस्था१५
तालिका २-१० समीक्षा अवधिसम्ममा रणनीतिक स्तम्भका आधारमा भएको विनियोजन र खर्चको अवस्था...........................................................................१५
तालिका २-११ समीक्षा अवधिसम्ममा दिगो विकास लक्ष्य प्राप्तिका लागि भएको विनियोजनका खर्चको अवस्था...........................................................................१६
तालिका २-१२ समीक्षा अवधिसम्ममा लैंगिक उत्तरदायी बजेट तर्फ भएको विनियोजनका खर्चको अवस्था...........................................................................१७
तालिका २-१३ समीक्षा अवधिसम्ममा जलवायु परिवर्तन तर्फ भएको बजेट विनियोजनका खर्चको अवस्था...........................................................................१७
तालिका २-१४ समीक्षा अवधिसम्मको खर्च शिर्षकगत खर्चको अवस्था ........................ २१
तालिका ३-१ चालु आर्थिक वर्षको पौष मसान्तसम्मको शिर्षकगत राजस्वको अवस्था........ २४
तालिका ३-२ आन्तरिक राजस्व परिचालनको अर्धवार्षिक अवधिको लक्ष्य र असुलीको अवस्था.......................................................................................... २४
तालिका ३-३ आर्थिक वर्षको पहिलो ६ सम्मको स्रोत व्यवस्थापनको अवस्था................. २६
तालिका ३-४ अर्धवार्षिक अवधि सम्मको स्रोतको लक्ष्य र प्रगतिको तुलनात्मक अवस्था ..... २७
तालिका ४-१ समीक्षा अवधिसम्म स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको अवस्था.......३४
तालिका ६-१ समीक्षा अवधिसम्म प्रदेश व्यवस्थापिकाको विनियोजन र खर्चको अवस्था....... ३६
तालिका ६-२ समीक्षा अवधिसम्म प्रदेश लोक सेवा आयोगको विनियोजन र खर्चको अवस्था.३८
तालिका ६-३ प्रदेश लोक सेवा आयोगका क्षेत्रगत उपलव्धिहरु.................................३८
तालिका ६-४ समीक्षा अवधिसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विनियोजन र खर्चको अवस्था...........................................................................३९
तालिका ६-५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख उपलब्धि.................. ४०

तालिका ६-६ समीक्षा अवधिसम्म आर्थिक मामिला मन्त्रालयको विनियोजन र खर्चको अवस्था ........ ४१
तालिका ६-७ समीक्षा अवधिसम्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको विनियोजन र खर्चको अवस्था ........ ४३
तालिका ६-८ समीक्षा अवधिसम्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट भएका प्रमुख उपल्वधीहरु ........ ४४
तालिका ६-९ समीक्षा अवधिसम्म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजन र खर्चको अवस्था ........ ४५
तालिका ६-१० भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रमुख उपलव्धीहरु ........ ४७
तालिका ६-११ समीक्षा अवधिसम्म आन्तरिक मामिला तथा कानून मन्त्रालयको विनियोजन र खर्चको अवस्था ........ ४८
तालिका ६-१२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रमुख उपलव्धीहरु ........ ४९
तालिका ६-१३ समीक्षा अवधिसम्म आन्तरिक मामिला मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाहरुको प्रगति ........ ५०
तालिका ६-१४ समीक्षा अवधिसम्म भौतिक पूर्वाधार विकास मन्त्रालयको विनियोजन र खर्चको अवस्था ........ ५१
तालिका ६-१५ समीक्षा अवधिसम्म भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश गौरवका आयोजनाहरुको प्रगतिको अवस्था ........ ५२
तालिका ६-१६ समीक्षा अवधिसम्म सामाजिक विकास मन्त्रालयको विनियोजन र खर्चको अवस्था ........ ५४
तालिका ६-१७ समीक्षा अवधिसम्म सामाजिक विकास मन्त्रालयको क्षेत्रगत उपलव्धिहरु ........ ५६
तालिका ६-१८ समीक्षा अवधिसम्म प्रदेश नीति तथा योजना आयोगको विनियोजन र खर्चको अवस्था ........ ५७
तालिका ७-१ चालु आर्थिक वर्षको संशोधित अनुमानको खर्चको समष्टिगत स्थिति ........ ५९
तालिका ७-२ स्रोतगत खर्च परिचालनको संशोधित अनुमान ........ ६२

## चित्र-सूची

चित्र २-१ शिर्षकगत विनियोजन र पहिलो ६ महिनाको खर्चको अवस्था..........................५
चित्र २-२ मन्त्रालय/निकायगत खर्चको भार) प्रतिशतमा( ......................................... ९
चित्र २-३ कुल विनियोजन र अर्धवार्षिक अवधिको खर्चको तुलना...............................१३
चित्र ३-१ स्रोत अनुमान र यथार्त आयको अवस्था...............................................२२
चित्र ३-२ स्रोत अनुमान र यथार्त आयको अवस्था............................................... २३
चित्र ३-३ आन्तरिक राजस्व परिचालनको वार्षिक लक्ष्य र अर्धवार्षिक अवधिको यथार्थ आम्दानीको अवस्था.......................................................................२५

# परिच्छेद – १
# परिचय

## १.१. पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा "बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको चार महिनाभित्र राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (समानिकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्ने" व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको पहिलो ६ महिना अवधिको समीक्षा गरिएको छ। प्रस्तुत समीक्षामा चालु आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति, मन्त्रालय/निकायगत खर्चको विवरण, मन्त्रालयहरूबाट कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौतिहरू, आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू र खर्चको संशोधित अनुमान समेतको विवरण प्रस्तुत गरिएको छ। यसका साथै आर्थिक वर्षहरूको सोही अवधिको प्रगति विवरणसँग चालु आर्थिक वर्षको प्रगतिलाई तुलना समेत गरिएको छ। वित्तीय क्षेत्र विश्लेषण अन्तर्गत हाल प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी क्षेत्रसँग सम्बन्धित विवरण मात्र समावेश गरिएको छ।

## १.२. नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माण गरी पहिलो ६ महिनाको अवधिसम्म कार्यान्वयन गरिसकेका छन्।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष२०८०/८१ को मध्यावधि मूल्याङ्कन अनुसार नेपाल सरकारले चालुतर्फ रु. ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख, पुँजीगततर्फ रु. ३ खर्ब २ अर्ब ७ करोड ४४ लाख र वित्तीय व्यवस्थातर्फ रु. ३ खर्ब ७ अर्ब ४५ करोड ३६ लाख गरी जम्मा रु. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख खर्च गरेकोमा चालु आ.व.को पुस मसान्तसम्म जम्मा रु. ५ खर्ब ७३ अर्ब ६३ करोड २९ लाख खर्च भएको छ। यो कुल विनियोजनको ३२.७५ प्रतिशत हो। चालुतर्फ रु. ४ खर्ब ४३ अर्ब ४ करोड ८७ लाख अर्थात् ३८.८० प्रतिशत,

पुँजीगततर्फ रु. ५० अर्ब ४४ करोड ८८ लाख अर्थात् १६.७० प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. ८० अर्ब १३ करोड ५४ लाख अर्थात् २६.०६ प्रतिशत खर्च भएको छ। त्यस्तै रू. १४ खर्ब २२ अर्ब ५४ करोड १७ लाख राजस्व संकलन हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रू. ५ खर्ब १५ अर्ब ३९ करोड ७६ लाख संकलन भएको छ। यो संकलन यसै अवधिको लक्ष्य रु. ६ खर्ब ६८ अर्ब १६ करोड ८९ लाखको तुलनामा ७७.१४ प्रतिशत राजस्व संकलन भएको छ.। चालु आर्थिक वर्षमा रू. २ खर्ब ४० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा पहिलो ६ महिनामा रू. १ खर्ब २८ अर्ब ऋण परिचालन भएको छ भने रू. ५९ अर्ब ९७ करोड ८६ लाख बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको उल्लेख छ।

साथै राष्ट्रिय गौरवका आयोजनाका लागि चालु आर्थिक वर्षमा रु. ६५ अर्ब ६४ करोड १४ लाख बजेट विनियोजन गरिएको छ। चालु आर्थिक वर्षको पौष मसान्तसम्म यस्तो आयोजनामा जम्मा रु. १५ अर्ब ५० करोड ८ लाख खर्च भएको छ। जुन विनियोजनको २३.६१ प्रतिशत हुने देखिन्छ। त्यसैगरी, वित्तीय हस्तान्तरणको लागि विनियोजित रकममध्ये सशर्त अनुदानमा रु. २ खर्ब २७ अर्ब ६१ करोड ४५ लाख, वित्तीय समानीकरण अनुदानमा रु. १ खर्ब ४६ अर्ब २ करोड ४ लाख, विशेष अनुदानमा रु. १३ अर्ब १८ करोड ४८ लाख र समपूरक अनुदानमा रु. १३ अर्ब २६ करोड ७३ लाख रहेको छ। जसमध्ये प्रदेशमा रु. १ खर्ब ५ अर्ब ६ करोड ६८ लाख र स्थानीय तहतर्फ रु. २ खर्ब ९५ अर्ब २ करोड २ लाख बाँडफाँट भएको उल्लेख छ।

चालु आर्थिक वर्षको पौष मसान्तसम्म मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट संकलन हुने अन्तःशुल्क रकममध्ये प्रदेश र स्थानीय तहलाई रु. २८ अर्ब २७ करोड २५ लाखका दरले जम्मा रु. ५६ अर्ब ५४ करोड ५० लाख राजस्व बाँडफाँट अन्तर्गत हस्तान्तरण गरेको देखिन्छ।

मध्यावधि मूल्याङ्कन अनुसार यस आर्थिक वर्षमा १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख खर्च हुने अनुमान गरी बजेट निर्माण गरिएकोमा रू. १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने संशोधित अनुमान समेत गरिएको छ। यो रकम शुरु विनियोजनको करिव ८७.३८ प्रतिशत रहेको छ।

चालुतर्फ रु. १० खर्ब ७ अर्ब ४५ करोड ४६ लाख अर्थात् विनियोजनको ८८.२४ प्रतिशत, पुँजीगततर्फ रु. २ खर्ब ५४ अर्ब १३ करोड १९ लाख अर्थात् विनियोजनको ८४.१३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. २ खर्ब ६८ अर्ब ६७ करोड ९७ लाख अर्थात् विनियोजनको ८७.३९ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ।

## १.३. प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानतः प्रदेश सरकारलाई कानूनबमोजिम प्रदेश भित्रको कर प्रणाली, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषहरूको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। ती क्षेत्रहरूको विषयमा देहायमा छुट्टाछुट्टै उल्लेख गरिएको छ।

### १.३.१. प्रदेश सञ्चित कोष

चालु आर्थिक वर्षमा रू. २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार कूल विनियोजन गरिएको र सो विनियोजनका लागि आन्तरिक राजस्वबाट रू. १ अर्ब ५० करोड, संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट रू. १४ अर्ब ४२ करोड १९ लाख, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रू. ९ अर्ब ४१ करोड १७ लाख, रोयल्टीवापत प्राप्त हुने रू. ६ करोड ५६ लाख ६ हजार र गत आर्थिक वर्षको नगद मौज्दातबाट रू. ३ अर्ब ८६ करोड ६७ लाख २४ हजार स्रोत परिचालन गर्ने लक्ष्य राखिएको छ। समीक्षा अवधिमा संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रू. ३ अर्ब ५६ करोड १ लाख २५ हजार, राजस्व बाँडफाँटबाट रू. ३ अर्ब ५८ करोड ७८ लाख ३४ हजार, आन्तरिक राजस्व संकलनबाट रू. ५६ करोड ६७ लाख ४५ हजार, गत आर्थिक वर्षको नगद मौज्दात रू. ४ अर्ब ५६ करोड १ लाख ९१ हजार गरी जम्मा रू. १२ अर्ब २७ करोड ४८ लाख ९५ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। समिक्षा अवधिमा रोयल्टीबाट कुनै रकम प्राप्त हुन सकेको अवस्था छैन। त्यस्तै पहिलो अर्धवार्षिक अवधिमा रू. ४ अर्ब ६१ करोड १६ लाख २१ हजार खर्च भई प्रदेश सञ्चित कोषमा रू. ७ अर्ब ६६ करोड ३२ लाख ७४ हजार नगद मौज्दात रहेको छ।

प्रदेश सरकारले व्यवस्थापन तथा सञ्चालन गरेका सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन कोषमा रू. १८ करोड ७१ लाख ५९ हजार, सुदूरपश्चिम प्रदेश कोरोना भाईरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोषमा रू. २ करोड ८४ लाख ५९ हजार र सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषमा रु. ८८ करोड ५६ लाख गरी कूल रू. १ अर्ब १० करोड १२ लाख १८ हजार समेत विभिन्न कोषमा मौज्दात रहेको छ।

### १.३.२. प्रदेश आन्तरिक ऋण

प्रदेश सरकारले हालसम्म आन्तरिक ऋण लिएको छैन।

### १.३.३. प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

नेपालको संविधानले प्रदेश सरकारको वित्तीय क्षेत्राधिकार अन्तर्गत नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई राखेको छ। प्रदेश सरकारले ती क्षेत्रहरूमध्ये सहकारी क्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र अन्तर्गत समेट्न सकेको छ। हाल प्रदेशको क्षेत्राधिकारभित्र दर्ता कायम रहेका कूल ३८२ वटा सहकारी संस्थाहरू छन्। उल्लेखित सहकारीमा कूल निक्षेप रू. ७ अर्ब ९४ करोड ६७ लाख ४६ हजार रहेको देखिन्छ भने लगानी रू. ५ अर्ब ७६ लाख ८५ लाख ६४ हजार भएको देखिन्छ। यी सहकारी संस्थाहरूमा १ लाख ३४ हजार २ सय ८० महिला र १ लाख ९ हजार ८ सय ६८ पुरुष गरी कूल २ लाख ४४ हजार १ सय ४८ जना शेयर सदस्य रहेका छन्।

# परिच्छेद – २
# बजेट खर्चको विश्लेषण

## २.१. वार्षिक बजेट विनियोजन र खर्चको विवरण

चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजन गरिएको कूल बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| सि.नं | शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ११९४३५७२ | २५६४६१६ | २१.४७ |
| २ | पुँजीगत | १७०२२३६० | २०४७००५ | १२.०३ |
| ३ | वित्तीय | ३००००० | ० | ०.०० |
| जम्मा | | २९२६५९३२ | ४६११६२१ | १५.७६ |

तालिका २-१ शिर्षकगत विनियोजन र पहिलो ६ महिनाको खर्चको अवस्था

(रू. हजारमा)




चित्र २-१ शिर्षकगत विनियोजन र पहिलो ६ महिनाको खर्चको अवस्था

- चालु आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको कुल रकम रू. २९ अर्ब २६ करोड ५९ लाख २४ हजार मध्ये पहिलो ६ महिनाको अवधिमा कुल रू. ४ अर्ब ६१ करोड १६ लाख २१ हजार खर्च अर्थात् कुल विनियोजनको तुलनामा १५.७६ प्रतिशत खर्च भएको छ जुन गत आर्थिक वर्षको सोहि अवधिसंग तुलना गर्दा १२.११ प्रतिशतले घटी भएको देखिन्छ ।

- चालुतर्फ २ अर्ब ५६ करोड ४६ लाख १६ हजार अर्थात् विनियोजनको तुलनामा २१.४७ प्रतिशत खर्च भएको देखिन्छ जुन गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा १.६९ प्रतिशतले घटी भएको देखिन्छ।
- पुँजीगततर्फ २ अर्ब ४ करोड ७० लाख ५ हजार अर्थात् विनियोजनको तुलनामा १२.०३ प्रतिशत खर्च भएको छ जुन गत आर्थिक वर्षको सोहि अवधिसंग तुलना गर्दा २२.४२ प्रतिशतले घटी भएको देखिन्छ।

| विवरण | २०७९/८० | | २०८०/८१ | | गत आ.व. र चालु आ.व.को ६ महिनाको खर्चको तुलना |
|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन | खर्च | |
| चालु | १२३०१७०४ | २६०८६५१ | ११९४३५७२ | २५६४६१६ | (१.६९) |
| पुँजीगत | २४१४४७६१ | २६३८६६८ | १७०२२३६० | २०४७००५ | (२२.४२) |
| वित्तीय व्यवस्था | ३०००००० | ० | ३०००००० | ० | |
| जम्मा | ३६७४६४६५ | ५२४७३१९ | २९२६५९३२ | ४६११६२१ | (१२.११) |

तालिका २-२ आर्थिक वर्ष २०७९/८० र चालु आर्थिक वर्षको पौष मसान्तसम्मको खर्चको तुलनात्मक

## २.२. मन्त्रालयगत खर्चको विवरण

चालु आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालय/निकायको लागि विनियोजन गरिएको निकायगत बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजिगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | विनियोजन | १८११४५ | ९६६९ | ० | १९०८१४ |
| | थप/घट | ० | ० | ० | ० |
| | जम्मा विनियोजन | १८११४५ | ९६६९ | ० | १९०८१४ |
| | खर्च | ५६१२६ | ६५ | ० | ५६१९१ |
| | **खर्च प्रतिशत** | **३०.९८** | **०.६७** | **०.००** | **२९.४५** |
| प्रदेश लोकसेवा आयोग | विनियोजन | ७८७५० | १६२५० | ० | ९५००० |
| | थप/घट | ० | ० | ० | ० |
| | जम्मा विनियोजन | ७८७५० | १६२५० | ० | ९५००० |
| | खर्च | २८५७० | ३७ | ० | २८६०७ |
| | **खर्च प्रतिशत** | **३६.२८** | **०.२३** | **०.००** | **३०.११** |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विनियोजन | ३१६१५१ | ९९२०५१ | ० | १३०८२०२ |
| | थप/घट | -६८३२ | -८००० | ० | -१४८३२ |
| | जम्मा विनियोजन | ३०९३१९ | ९८४०५१ | ० | १२९३३७० |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजिगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| | खर्च | ६५३८० | ६८८१ | ० | ७२२६१ |
| | **खर्च प्रतिशत** | **२१.१४** | **०.७०** | **०.००** | **५.५९** |
| **आर्थिक मामिला मन्त्रालय** | विनियोजन | ७०५००६ | १४४८० | ० | ७१९४८६ |
| | थप/घट | ० | ० | ० | ० |
| | जम्मा विनियोजन | ७०५००६ | १४४८० | ० | ७१९४८६ |
| | खर्च | ३७२७३ | ६७४ | ० | ३७९४७ |
| | **खर्च प्रतिशत** | **५.२९** | **४.६५** | **०.००** | **५.२७** |
| **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | विनियोजन | १११९५०८ | ६९९०४० | ० | १८१८५४८ |
| | थप/घट | ० | ० | ० | ० |
| | जम्मा विनियोजन | १११९५०८ | ६९९०४० | ० | १८१८५४८ |
| | खर्च | ३१३३१८ | ३९७९९ | ० | ३५३११७ |
| | **खर्च प्रतिशत** | **२७.९९** | **५.६९** | **०.००** | **१९.४२** |
| **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | विनियोजन | २०९२६८३ | ४१४४८३ | ० | २५०७१६६ |
| | थप/घट | ११८३६ | ० | ० | ११८३६ |
| | जम्मा विनियोजन | २१०४५१९ | ४१४४८३ | ० | २५१९००२ |
| | खर्च | २६६४७० | ५३१३२ | ० | ३१९६०२ |
| | **खर्च प्रतिशत** | **१२.६६** | **१२.८२** | **०.००** | **१२.६९** |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | विनियोजन | १४५०२० | २४७९८० | ० | ३९३००० |
| | थप/घट | १००१ | ० | ० | १००१ |
| | जम्मा विनियोजन | १४६०२१ | २४७९८० | ० | ३९४००१ |
| | खर्च | ३१९३८ | ३७१७७ | ० | ६९११५ |
| | **खर्च प्रतिशत** | **२१.८७** | **१४.९९** | **०.००** | **१७.५४** |
| **भौतिक पूर्वाधार विकास मन्त्रालय** | विनियोजन | ४९३५३९ | १२१८८२७७ | ० | १२६८१८१६ |
| | थप/घट | ४३७८ | ८००० | ० | १२३७८ |
| | जम्मा विनियोजन | ४९७९१७ | १२१९६२७७ | ० | १२६९४१९४ |
| | खर्च | १७००७२ | १७१२८७४ | ० | १८८२९४६ |
| | **खर्च प्रतिशत** | **३४.१६** | **१४.०४** | **०.००** | **१४.८३** |
| **सामाजिक विकास मन्त्रालय** | विनियोजन | ३८६०१९० | १४३८९३० | ० | ५२९९१२० |
| | थप/घट | ६८३२ | ० | ० | ६८३२ |
| | जम्मा विनियोजन | ३८६७०२२ | १४३८९३० | ० | ५३०५९५२ |
| | खर्च | ९००६९८ | १९६३१६ | ० | १०९७०१४ |
| | **खर्च प्रतिशत** | **२३.२९** | **१३.६४** | **०.००** | **२०.६८** |
| **प्रदेश नीति तथा योजना आयोग** | विनियोजन | २९३०० | १२०० | ० | ३०५०० |
| | थप/घट | ४३२ | ० | ० | ४३२ |
| | जम्मा विनियोजन | २९७३२ | १२०० | ० | ३०९३२ |
| | खर्च | ८४५२ | ५० | ० | ८५०२ |

| मन्त्रालय/निकाय | विवरण | चालु | पुँजिगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|---|
| | **खर्च प्रतिशत** | २८.४३ | ४.१७ | ०.०० | २७.४९ |
| **अर्थ विविध** | विनियोजन | ५७४७१० | १०००००० | ० | १५७४७१० |
| | थप/घट | -१७६४७ | ० | ० | -१७६४७ |
| | जम्मा विनियोजन | ५५७०६३ | १०००००० | ० | १५५७०६३ |
| **अर्थ वित्तीय व्यवस्था** | विनियोजन | ० | ० | ३००००० | ३००००० |
| **वित्तीय हस्तानतरण (स्थानीय तह)** | विनियोजन | २३४७५७० | ० | ० | २३४७५७० |
| | थप/घट | ० | ० | ० | ० |
| | जम्मा विनियोजन | २३४७५७० | ० | ० | २३४७५७० |
| | खर्च | ६८६३१९ | ० | ० | ६८६३१९ |
| | खर्च प्रतिशत | २९.२४ | ०.०० | ०.०० | २९.२४ |
| **जम्मा** | सुरु विनियोजन | ११९४३५७२ | १७०२२३६० | ३००००० | २९२६५९३२ |
| | थप/घट | ० | ० | ० | ० |
| | खुद विनियोजन | ११९४३५७२ | १७०२२३६० | ३००००० | २९२६५९३२ |
| | खर्च | २५६४६१६ | २०४७००५ | ० | ४६११६२१ |
| | सुरु विनियोजनको तुलनामा खर्च प्रतिशत | २१.४७ | १२.०३ | ०.०० | १५.७६ |
| | खुद विनियोजनको तुलनामा खर्च प्रतिशत | २१.४७ | १२.०३ | ०.०० | १५.७६ |

तालिका २-३ शुरु तथा यथार्थ विनियोजन र खर्चको अवस्था

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको मन्त्रालय/निकायगत खर्चको भारलाई निम्नानुसार देखाइएको छ।

| सि.नं | कार्यालय | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | ३०.९८ | ०.६७ | २९.४५ |
| २ | प्रदेश लोकसेवा आयोग | ३६.२८ | ०.२३ | ३०.११ |
| ३ | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय | २१.१४ | ०.७० | ५.५९ |
| ४ | आर्थिक मामिला मन्त्रालय | ५.२९ | ४.६५ | ५.२७ |

| सि.नं | कार्यालय | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|
| ५ | उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय | २७.९९ | ५.६९ | १९.४२ |
| ६ | भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १२.६६ | १२.८२ | १२.६९ |
| ७ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २१.८७ | १४.९९ | १७.५४ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३४.१६ | १४.०४ | १४.८३ |
| ९ | सामाजिक विकास मन्त्रालय | २३.२९ | १३.६४ | २०.६८ |
| १० | प्रदेश नीति तथा योजना आयोग | २८.४३ | ४.१७ | २७.४९ |
| ११ | वित्तीय हस्तान्तरण स्थानीय तह | २९.२४ | ०.०० | २९.२४ |
| | **कुल जम्मा** | **२१.४७** | **१२.०३** | **१५.७६** |

तालिका २-४ मन्त्रालय/निकायगत खर्चको भार (प्रतिशतमा)




चित्र २-२ मन्त्रालय/निकायगत खर्चको भार(प्रतिशतमा)

चालु आर्थिक वर्षमा मन्त्रालय/निकायगत विनियोजन भएको कूल बजेट मध्ये समीक्षा अवधिमा प्रदेश व्यवस्थापिकाबाट २९.४५ प्रतिशत, प्रदेश लोकसेवा आयोगबाट ३०.११ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ५.५९ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट ५.२७ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट १९.४२ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट १२.६९ प्रतिशत, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट १७.५४ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट १४.८३ प्रतिशत, सामाजिक विकास मन्त्रालयबाट २०.६८ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगबाट २७.४९ प्रतिशत रकम खर्च भएको छ भने स्थानीय तहहरुलाई २९.२४ प्रतिशत रकम वित्तीय हस्तान्तरण भएको छ। समग्रमा विनियोजनको १५.७६ प्रतिशत खर्च भएको छ।

## २.३. स्रोतगत खर्चको विवरण

चालु आर्थिक वर्षको कूल बजेट र पहिलो ६ महिनामा स्रोतगत खर्च निम्नानुसार देखाइएको छ। स्रोतमा प्रदेश सरकारको स्रोत, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानलाई लिइएको छ।

(रू. हजारमा)

| विवरण | | प्रदेश | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चालु | विनियोजन | १००८८८१८ | १९२५ | १६३०५१९ | ० | २२२३१० | ११९४३५७२ |
| | खर्च | २२८१३९७ | २१० | २७१७४७ | ० | ११२६२ | २५६४६१६ |
| | **खर्च प्रतिशत** | **२२.६१** | **१०.९१** | **१६.६७** | **०.००** | **५.०७** | **२१.४७** |
| पुँजीगत | विनियोजन | ४४५५२१४ | ८५१८३७५ | २८८१०८१ | ७७०००० | ३९७६९० | १७०२२३६० |
| | खर्च | ३०२२६६ | १३३७५८० | १४१९२७ | २३१९९० | ३३२४२ | २०४७००५ |
| | **खर्च प्रतिशत** | **६.७८** | **१५.७०** | **४.९३** | **३०.१३** | **८.३६** | **१२.०३** |
| वित्तीय व्यवस्था | विनियोजन | ३००००० | ० | ० | ० | ० | ३००००० |
| | खर्च | ० | ० | ० | ० | ० | ० |
| | खर्च प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| जम्मा | विनियोजन | १४८४४०३२ | ८५२०३०० | ४५११६०० | ७७०००० | ६२०००० | २९२६५९३२ |
| | खर्च | २५८३६६३ | १३३७७९० | ४१३६७४ | २३१९९० | ४४५०४ | ४६११६२१ |
| | **खर्च प्रतिशत** | **१७.४१** | **१५.७०** | **९.१७** | **३०.१३** | **७.१८** | **१५.७६** |

तालिका २-५ स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्था




| | प्रदेश | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा |
|---|---|---|---|---|---|---|
| विनियोजन | १४८४४०३२ | ८५२०३०० | ४५११६०० | ७७०००० | ६२०००० | २९२६५९३२ |
| खर्च | २५८३६६३ | १३३७७९० | ४१३६७४ | २३१९९० | ४४५०४ | ४६११६२१ |

तालिका २-६ स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्था

चालु आर्थिक वर्षको बजेटमा प्रदेश स्रोततर्फ रू. १४ अर्ब ८४ करोड ४० लाख ३२ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रू. ८ अर्ब ५२ करोड ३ लाख, सशर्त अनुदानतर्फ रू. ४ अर्ब ५१ करोड १६ लाख, विशेष अनुदानतर्फ रू. ६२ करोड र समपूरक अनुदानतर्फ रू. ७७ करोड विनियोजन भएकोमा समीक्षा अवधिमा प्रदेश स्रोततर्फ रु. २ अर्ब ५८ करोड ३६ लाख ६३ हजार अर्थात् विनियोजनको तुलनामा १७.४१ प्रतिशत, वित्तीय समानीकरणतर्फ रु. १ अर्ब ३३ करोड ७७ लाख ९० हजार अर्थात् विनियोजनको तुलनामा १५.७० प्रतिशत, सशर्त अनुदानतर्फ रु. ४१ करोड ३६ लाख ७४ हजार अर्थात् विनियोजनको तुलनामा ९.१७ प्रतिशत, विशेष अनुदानतर्फ रु. ४ करोड ४५ लाख ४ हजार अर्थात् विनियोजनको तुलनामा ७.१८ प्रतिशत, समपूरक अनुदानतर्फ रु. २३ करोड १९ लाख ९० हजार अर्थात् विनियोजनको तुलनामा ३०.१३ प्रतिशत गरी जम्मा रु. ४ अर्ब ६१ करोड १६ लाख २१ हजार अर्थात् कूल विनियोजनको तुलनामा १५.७६ प्रतिशत खर्च भएको छ।

## २.४. विगत आर्थिक वर्षको खर्चको तुलना

विगत ५ आर्थिक वर्षहरुको कूल विनियोजित बजेट र चालु आर्थिक वर्षको पुस मसान्तसम्मको खर्चको अवस्था देहाय बमोजिम रहेको छ।

(रू. हजारमा)

| आर्थिक वर्ष | विनियोजन/खर्च | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| २०७५/७६ | विनियोजन | १३३५०८०० | ११७१४८१४ | ० | २५०६५६१४ |
| | खर्च | १०४१५३८ | १५६४८५ | ० | ११९८०२३ |
| | खर्च (प्रतिशतमा) | ७.८० | १.३४ | ०.०० | ४.७८ |
| २०७६/७७ | विनियोजन | १४६९४८३६ | १३०६७१९९ | ४००००० | २८१६२०३५ |
| | खर्च | १५२२९८२ | १३४५२९३ | ० | २८६८२७५ |
| | खर्च (प्रतिशतमा) | १०.३६ | १०.३० | ०.०० | १०.१८ |
| २०७७/७८ | विनियोजन | १६३२२८६० | १६७५८४८८ | ३००००० | ३३३८१३४८ |
| | खर्च | २२९२५७४ | १९८५८१९ | ० | ४२७८३९३ |
| | खर्च (प्रतिशतमा) | १४.०५ | ११.८५ | ०.०० | १२.८२ |
| २०७८/७९ | विनियोजन | १२३८५४०३ | १७६५४०५२ | ३००००० | ३०३३९४५५ |
| | खर्च | २५००१६१ | १५७२०७२ | ० | ४०७२२३३ |
| | खर्च (प्रतिशतमा) | २०.१९ | ८.९० | ०.०० | १३.४२ |
| २०७९/८० | विनियोजन | १२३०१७०४ | २४१४४७६१ | ३००००० | ३६७४६४६५ |
| | खर्च | २६०८६५१ | २६३८६६८ | ० | ५२४७३१९ |
| | खर्च (प्रतिशतमा) | २१.२१ | १०.९३ | ०.०० | १४.२८ |
| २०८०/८१ | विनियोजन | ११९४३५७२ | १७०२२३६० | ३००००० | २९२६५९३२ |
| | खर्च | २५६४६१६ | २०४७००५ | ० | ४६११६२१ |
| | खर्च (प्रतिशतमा) | २१.४७ | १२.०३ | ०.०० | १५.७६ |

तालिका २-७ चालु आर्थिक वर्ष तथा विगत ५ आर्थिक वर्षहरुको कूल विनियोजित बजेट र पुस मसान्तसम्मको खर्चको अवस्था

(रू. हजारमा)




चित्र २-३ कुल विनियोजन र अर्धवार्षिक अवधिको खर्चको तुलना

आर्थिक वर्ष २०७५/७६ को कूल विनियोजनमध्ये पहिलो ६ महिनामा ४.७८ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा १०.१८ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा १२.८२ प्रतिशत आर्थिक वर्ष २०७८/७९ मा १३.४२ प्रतिशत, आर्थिक २०७९/८० मा १४.२८ प्रतिशत खर्च भएको खर्च भएको थियो भने चालु आर्थिक वर्षको सोहि अवधिमा १५.७६ प्रतिशत खर्च भएको छ।

## २.५. कार्यगत खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमलाई कार्यगत शीर्षकमा वर्गीकरण गरी हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| क्र. सं | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| सामान्य सार्वजनिक सेवा | | | | |
| १ | कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | १३००१६५ | ९९१६६ | ७.६३ |
| २ | सामान्य सेवा | १७००२१० | ३७१०९ | २.१८ |
| ३ | सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १९५६५१ | २७६४४ | १४.१३ |
| ४ | सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | ३२०० | १६४२ | ५१.३२ |

| क्र. सं | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ५ | विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | २३४७५७० | ६८६३१९ | २९.२४ |
| **सार्वजनिक शान्ति सुरक्षा** | | | | |
| ६ | सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ३९३००० | ६९११४ | १७.५९ |
| **आर्थिक मामिला** | | | | |
| ७ | सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | ३००००० | ० | ०.०० |
| ८ | कृषि, वन , मत्स्यपालन तथा शिकार | ६८२११३४ | ८११७४१ | ११.९० |
| ९ | इन्धन तथा उर्जा | १०००० | ० | ०.०० |
| १० | खानी , उत्पादन तथा निर्माण | ३९१५०० | ५९३०७ | १५.१५ |
| ११ | यातायात | ६६३१३७२ | १४०७४५३ | २१.२२ |
| १२ | अन्य उद्योगहरु | ४५७३२३ | ६८५४० | १४.९९ |
| १३ | अनुसन्धान तथा विकास - आर्थिक मामिला | ७१९४८६ | ३७९४७ | ५.२७ |
| **वातावरण संरक्षण** | | | | |
| १४ | वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ८७५०० | ११९१ | १.३६ |
| **आवास तथा सामुदायिक सुविधा** | | | | |
| १५ | आवास विकास | ७३५८६१ | ६२३५९ | ८.४७ |
| १६ | खानेपानी | १८७२८४० | १४५०७६ | ७.७५ |
| **स्वास्थ्य** | | | | |
| १७ | औषधी उत्पादन,उपकरण तथा औजार | ३२१०० | ६६९५ | २०.८६ |
| १८ | वहिरंङ्ग सेवा | ९४४०० | १३३९३ | १४.१९ |
| १९ | अस्पताल सेवा | ४९२८०० | १०३२५७ | २०.९५ |
| २० | सार्वजनिक स्वास्थ्य सेवा | २२६३५२३ | ६०६९७८ | २६.८२ |
| २१ | स्वास्थ्यमा अनुसन्धान सेवा | ५९२८१ | १६६५७ | २८.१० |
| **मनोरंजन,संस्कृति तथा धर्म** | | | | |
| २२ | मनोरंजनात्मक र खेलकुद सेवाहरु | ५८५०० | २२८० | ३.९० |
| **शिक्षा** | | | | |
| २३ | तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५१३६०० | १०५८१८ | २०.६० |
| २४ | शिक्षाको लागि सहायक सेवाहरु | १७१५२१४ | २२०७१५ | १२.८७ |
| २५ | शिक्षा - अनुसन्धान विकास | ६९७०२ | २१२२२ | ३०.४५ |
| **जम्मा** | | २९२६५९३२ | ४६११६२१ | १५.७६ |

तालिका २-८ कार्यगत शीर्षक अनुसार कुल विनियोजन र अर्धवार्षिक अवधिको खर्चको तुलना

## २.६. प्राथमिकताका आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| संकेत | प्राथमिकता | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **P1** | पहिलो | २७५०६१३२ | ४४५२०४१ | १६.१९ |
| **P2** | दोस्रो | १७५९८०० | १५९५८० | ९.०७ |
| **जम्मा** | | २९२६५९३२ | ४६११६२१ | १५.७६ |

तालिका २-९ समीक्षा अवधिमा प्राथमिकताका आधारमा भएको विनियोजन र खर्चको अवस्था

समीक्षा अवधिमा पहिलो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ १६.१९ प्रतिशत र दोस्रो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ ९.०७ प्रतिशत खर्च भएको छ।

## २.७. २.७ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई रणनीतिक स्तम्भका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| रणनीतिक संकेत | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | ८३९०५३७ | १२२२४१५ | १४.५७ |
| २ | स्वास्थ्य तथा शिक्षा | ८२५८९२४ | १७८१९१९ | २१.५८ |
| ३ | अन्तरआबद्धता र शहरी विकास | ६२३३८३ | ८४३६० | १३.५३ |
| ४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | २९८०९९ | १३३८९२ | ४.४९ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ५४७२८७३ | ११३४१६० | २०.७२ |
| ६ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | १८५०० | २२८० | १२.३२ |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | १०६५००० | ९४०५४ | ८.८३ |
| ८ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | १३६७९५१ | ९७६१८ | ७.१४ |
| ९ | साधारण प्रशासन | १०८७७६५ | ६०९२३ | ५.६० |
| | **जम्मा** | **२९२६५९३२** | **४६११६२१** | **१५.७६** |

तालिका २-१० समीक्षा अवधिसम्ममा रणनीतिक स्तम्भका आधारमा भएको विनियोजन र खर्चको अवस्था

## २.८. दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको कूल रकमलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| लक्ष्य संकेत | दिगो विकास लक्ष्य | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ० | सांकेतीकरण नगरिएको | ७३०१८९६ | १०८९६१५ | १४.९२ |
| १ | गरिबीको अन्त्य | १५४९३२० | १६५८०३ | १०.७० |
| २ | शून्य भोकमरी | ८२४७३१ | ७३९७६ | ८.९७ |
| ३ | स्वस्थ जीवन | २७५७५२२ | ७११२०८ | २५.७९ |
| ४ | गुणस्तरीय शिक्षा | ८९९४९५ | १४०८९३ | १५.६६ |
| ५ | लैङ्गिक समानता | ९७६१२१ | १०२५२६ | १०.५० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १७५५८११ | १४४५८१ | ८.२३ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ८२४३३१५ | १६३५७३५ | १९.८४ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ३७२५५६ | ५३६२० | १४.३९ |
| १० | असमानता न्यूनीकरण | ५९१८२३ | ९३०८७ | १५.७३ |
| ११ | दिगो शहर र वस्तीहरू | ६०८७६१ | ६२३५९ | १०.२४ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १६६२० | ६८५४ | ४१.२४ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २४२६६८१ | १५५७४७ | ६.४२ |
| १५ | भूसतह स्रोतको उपयोग | २९३२९० | ३९६५७ | १३.५२ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ३९३००० | ६९११४ | १७.५९ |
| १७ | दिगो विकासका लागि साझेदारी | २५४९९० | ६६८४५ | २६.२१ |
| | **जम्मा** | **२९२६५९३२** | **४६११६२१** | **१५.७६** |

तालिका २-११ समीक्षा अवधिसम्ममा दिगो विकास लक्ष्य प्राप्तिका लागि भएको विनियोजनका खर्चको अवस्था

## २.९. लैंगिक बजेट विनियोजन र खर्च स्थिति

चालु आर्थिक वर्षको लैंगिक उत्तरदायी बजेट विनियोजन र समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रु. हजारमा)

| लैंगिक संकेत | लैंगिक उत्तरदायी बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | १५९१३५१६ | २५५११२७.० | १६.०३ |
| २ | अप्रत्यक्ष लाभ | ११९०७६०० | १९२९४७३.५ | १६.२० |
| ३ | तटस्थ | १४४४८१६ | १३१०२०.१ | ९.०७ |
| जम्मा | | २९२६५९३२ | ४६११६२१ | १५.७६ |

तालिका २-१२ समीक्षा अवधिसम्ममा लैंगिक उत्तरदायी बजेट तर्फ भएको विनियोजनका खर्चको अवस्था

## २.१०. जलवायु बजेट विनियोजन र खर्च

चालु आर्थिक वर्षको जलवायु परिवर्तन बजेट विनियोजन र समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रु. हजारमा)

| जलवायु संकेत | जलवायु परिवर्तन बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | १३२०२९७६ | २२०१८४२ | १६.६८ |
| २ | अप्रत्यक्ष लाभ | ९७८७२१४ | १६१७३२८ | १६.५२ |
| ३ | तटस्थ | ६२७५७४२ | ७९२४५० | १२.६३ |
| जम्मा | | २९२६५९३२ | ४६११६२१ | १५.७६ |

तालिका २-१३ समीक्षा अवधिसम्ममा जलवायु परिवर्तन तर्फ भएको बजेट विनियोजनका खर्चको अवस्था

## २.११. खर्च शीर्षकगत खर्च स्थिति

चालु आर्थिक वर्षमा शीर्षकगत आधारमा गरिएको विनियोजन रकम र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| सि.नं | ख.सि.नं | खर्च शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १७९४३५६ | ६१४१४९ | ३४.२३ |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ७९१५९ | ३५८७४ | ४५.३२ |
| ३ | २११२१ | पोशाक | ६३०७५ | ७३ | ०.१२ |
| ४ | २११२२ | खाद्यान्न | ७५५८८ | २७६१८ | ३६.५४ |
| ५ | २११२३ | औषधी उपचार खर्च | १५०० | १२७ | ८.४९ |
| ६ | २११३१ | स्थानीय भत्ता | ६६२२० | १८२१५ | २७.५१ |
| ७ | २११३२ | महंगी भत्ता | ६९३३७ | १९१९२ | २७.६८ |
| ८ | २११३४ | कर्मचारीको बैठक भत्ता | २६१९६ | ५१६१ | १९.७० |

| सि.नं | ख.सि.नं | खर्च शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ९ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५८० | ५९ | १०.१२ |
| १० | २११३९ | अन्य भत्ता | १५६११६ | ४४८४१ | २८.७२ |
| ११ | २११४१ | पदाधिकारी बैठक भत्ता | १४११८ | १५९४ | ११.२९ |
| १२ | २११४२ | पदाधिकारी अन्य सुबिधा | ४४७१ | १२५४ | २८.०५ |
| १३ | २११४९ | पदाधिकारी अन्य भत्ता | ८७५० | १५७१ | १७.९५ |
| १४ | २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ६५२५ | १४७१ | २२.५५ |
| १५ | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १२०२९ | २७५७ | २२.९२ |
| १६ | २२१११ | पानी तथा बिजुली | ९१८६१ | २७२०७ | २९.६२ |
| १७ | २२११२ | संचार महसुल | ३२२७६ | ७१७५ | २२.२३ |
| १८ | २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ८५५ | ३०७ | ३५.९५ |
| १९ | २२२११ | इन्धन (पदाधिकारी) | १३२९८ | ३६०१ | २७.०८ |
| २० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७८७०० | ३०८५९ | ३९.२१ |
- कोषमार्फत प्रदेशस्थित विभिन्न जिल्लाहरुमा ग्रामीण उद्यमशीलताका लागि सहकारीको सक्षमता विकास, स्थानीय स्तरमा उपयुक्त स्वरोजगारजन्य व्यवसायको पहिचान, युवाहरूलाई अन्तर्राष्ट्रिय भाषा सिकाई तालिम, विपन्न तथा वेरोजगार महिलाका लागि व्यवसायिक बाख्रापालन सम्बन्धी तालिम सञ्चालन गरिएको,
- थोक कर्जा माग गरेका सहकारी संस्थाको वित्तीय सक्षमताको अध्ययन/अनुगमन पश्चात कर्जा प्रवाहको प्रक्रियामा रहेका हिमाली ३ जिल्लाका १३ वटा लाई रु. २ करोड ९८ लाख, पहाडी ४ जिल्लाका १७ वटालाई रु. ७ करोड १९ लाख र तराईका २ जिल्लाका २० वटा सहकारीलाई रु. १४ करोड ७२ लाख गरी ९ वटै जिल्लाका कुल ५० वटा सहकारी संस्थालाई जम्मा रु. २४ करोड ८९ लाख कर्जा प्रवाह भएको।

## ६.५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ६.५.१. वित्तीय विवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लागि आर्थिक वर्ष २०७९/८० को समिक्षा अवधिको खुद बजेट र सोहि अवधिको खर्च विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | पूँजीगत | कूल जम्मा |
|---|---|---|---|
| विनियोजन | १११९५०८ | ६९९०४० | १८१८५४८ |
| खर्च | ३१३३१८ | ३९७९९ | ३५३११७ |
| खर्च प्रतिशत | २७.९९ | ५.६९ | १९.४२ |

तालिका ६-७ समीक्षा अवधिसम्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको विनियोजन र खर्चको अवस्था

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि चालुतर्फ रु. १ अर्ब ११ करोड ९५ लाख ८ हजार र पुँजीगततर्फ रु. ६९ करोड ९० लाख ४० हजार गरी जम्मा रू. १ अर्ब ८१ करोड ८५ लाख ४८ हजार विनियोजन गरिएको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. ३१ करोड ३३ लाख १८ हजार र पूँजीगततर्फ रू. ३ करोड ९७ लाख ९९ हजार गरी कूल रू. ३५ करोड ३१ लाख १७ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट कूल विनियोजनको १९.४२ प्रतिशत खर्च भएको छ।

### ६.५.२. प्रमुख उपलब्धि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो अर्थवार्षिक अवधिमा अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

| क्षेत्र | मुख्य सूचकहरू | इकाई | उपलब्धि |
|---|---|---|---|
| उद्योग तथा वाणिज्य | उद्योग दर्ता | वटा | २३९५ |
| | उद्यमशिलता सम्बन्धी विभिन्न किसिमका तालिमहरु सञ्चालन | पटक | ३५ |
| | उद्यमशिलता तालिम सञ्चालनबाट लाभान्वित | जना | ४१० |
| | राजश्व आम्दानी (उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक कार्यबाट) | रु | १ करोड ९२ लाख ३५ हजार |
| वन तथा वातावरण | काठ उत्पादन तथा निकासी (विभिन्न सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन र निजीबनहरुबाट) | घनफिट | १५३४२९ |

| क्षेत्र | मुख्य सूचकहरू | इकाई | उपलब्धि |
|---|---|---|---|
| | दाउरा उत्पादन तथा निकासी (विभिन्न सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन र निजीबनहरुबाट) | चट्टा | ४११ |
| | खोटो निकासी (विभिन्न सामुदायिक वनहरुबाट) | के जी | ४६९१५३ |
| | मुद्धा दायरी (वन पैदावार चोरी निकासी तथा वन्यजन्तु चोरी शिकारी सम्बन्धी) | वटा/जना | २८ (५३ जना अभियुक्त) |
| | राजश्व आम्दानी (वन पैदावार विक्रिबाट) | रु | ३ करोड २६ लाख ७४ हजार |
| भू तथा जलाधार व्यवस्थापन | गल्छी/पहिरो नियन्त्रण | स्थान | १४ |
| | नदी/खोला तटबन्ध निर्माण | स्थान | ३७ |
| | पानी मुहान संरक्षण | स्थान | ३ |

तालिका ६-८ समीक्षा अवधिसम्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट भएका प्रमुख उपल्वधीहरु

### ६.५.३. अन्य उपल्ब्धीः

- सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०८० संशोधन गरी जारी गरिएको,
- सूदूरपश्चिम प्रदेश वन ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक राय सहमतिका लागि पठाइएको,
- रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (चौथो संशोधन) आदेश, २०८० राय सहमतिका लागि पठाइएको,
- सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण (पहिलो संशोधन) २०८० राय सहमतिका लागि पठाइएको ।

## ६.६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### ६.६.१. वित्तीय विवरण

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि चालु आर्थिक वर्ष २०८०/८१ को समिक्षा अवधिको खुद बजेट विनियोजन र सोहि अवधिको खर्च विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | पूँजीगत | कूल जम्मा |
|---|---|---|---|
| विनियोजन | २१०४५१९ | ४१४४८३ | २५१९००२ |
| खर्च | २६६४७० | ५३१३२ | ३१९६०२ |
| खर्च प्रतिशत | १२.६६ | १२.८२ | १२.६९ |

तालिका ६-९ समीक्षा अवधिसम्म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजन र खर्चको अवस्था

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल रू. २ अर्ब ५१ करोड ९० लाख २ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. २ अर्ब १० करोड ४५ लाख १९ हजार र पूँजीगततर्फ रू. ४१ करोड ४४ लाख ८३ हजार रहेको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. २६ करोड ६४ लाख ७० हजार र पूँजीगततर्फ रू. ५ करोड ३१ लाख ३२ हजार गरी कूल रू. ३१ करोड ९६ लाख २ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट विनियोजनको १२.६९ प्रतिशत खर्च भएको छ।

### ६.६.२. प्रमुख उपलब्धि

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

| क्षेत्र | मुख्य सूचकहरू | इकाई | उपलब्धि |
|---|---|---|---|
| कृषि विकास | आलु उत्पादन | मे.टन | डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका ५, सेलागाउँको ५०० रोपनीमा बसन्ते तरकारी खेती, डोटी जिल्लामा ५ हेक्टरमा कार्डिनल जातको आलु बीउ वितरण |
| | किवी निकासी | क्वीन्टल | अछाम जिल्लामा २० वटा किवी बगैचाबाट ४० क्वीन्टल किवी नेपालगञ्ज निकासी |

| क्षेत्र | मुख्य सूचकहरू | इकाई | उपलब्धि |
| --- | --- | --- | --- |
| | बीउ उत्पादन | क्वीन्टल | २०० क्वीन्टल Rampur Composite र Arun २ मकै बीउ उत्पादन |
| | मह ब्राण्डिङ्ग | के.जी. | दार्चुला जिल्लामा ५० के.जी. मह ब्राण्डिङ्ग गरी वितरण |
| | माटो नमुना जाँच | संख्या | डिजिटल स्वाइल म्याप अन्तर्गत २५० माटो नमुना जाँच सम्पन्न |
| | रसायनिक मल वितरण | मे.टन | ११५.६ मेटन SSP मल, १८६.९ मेटन SSP with Boron मल र १०.५५ मे.टन एमोनियम सल्फेट मल कृषकहरुलाई उपलब्ध |
| **पशुपन्छी तथा मत्स्य विकास** | स्वस्थ मासु तथा दुध उत्पादन | खोप तथा उपचार संख्या | • लम्पीस्किन रोग नियन्त्रणका लागि २०००० डोज भ्याक्सिन उपलब्ध गराई १०८० वटा भैसी/राँगो र २७२० वटा गाई/गोरुलाई भ्याक्सिन र १२३ वटा गाई/गोरुको औषधी उपचार<br>• खोरेत रोग नियन्त्रणको लागि ४५६६२ भैसी/राँगो, ६६८४८ वटा गाई/गोरु, १४६८ बाखा र २४०० भेडालाई खोप उपलब्ध<br>• पिपआर रोग नियन्त्रणका लागि १९७३१२ बाखा, ३४९८८ वटा भेडालाई खोप उपलब्ध<br>• रानीखेत रोग नियन्त्रणका लागि ५००० कुखुरालाई खोप उपलब्ध<br>• पशुपन्छी उपचार सेवा अन्तर्गत ४६२० भैसी/राँगो, ८५११ वटा गाई/गोरु, १०३४२ बाखा, ८०५ भेडा, ४०३९ कुखुरा, ६ हाँस र ३१०३ कुकुरको उपचार<br>• परजीवि नियन्त्रण अन्तर्गत १३९८ भैसी/राँगो, २२६३ वटा गाई/गोरु, १५९४४ बाखा, ४७१ भेडा, १०६३४ कुखुरा दुध पकेट क्षेत्रमा Subclinical Mastitis survillence तथा निदान अन्तर्गत ५४१ भैसी र ५०२६ वटा गाईहरुको थुनेलोको निदान |

| क्षेत्र | मुख्य सूचकहरू | इकाई | उपलब्धि |
| --- | --- | --- | --- |
| | रेबिज रोग नियन्त्रण | संख्या | • रेबिज रोग नियन्त्रणका लागि ७२५२ कुकुलाई खोप उपलब्ध<br>• १३३४ वटा सामुदायिक कुकुरमा बन्ध्याकरण<br>• र १८४४ कुकुरको उपचार |
| | गर्भाधान सेवा | संख्या | गर्भाधान सेवा अन्तर्गत ५२० गाई र ३६२ भैसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध |
| | पशु स्वास्थ्य शिविर संचालन | संख्या | पशु स्वास्थ्य शिविरबाट २६५ गाई, १८८ भैंसी, १६५३ बाखा, ५१५ कुखुरा, ९ बंगुर, ३ घोडा र २३ कुकुरका लागि आवश्यक औषधी वितरण गरी ४०१६ पशुपन्छी लाभान्वित |
| | पशुपन्छी तथा मत्स्य बीमा | संख्या | पशुपन्छी तथा मत्स्य बीमा प्रिमियम शुल्कमा अनुदानबाट १६ कृषक लाभान्वित |
| **भूमि व्यवस्था** | समन्वयात्मक बैठक संचालन | संख्या | भूमि र भूमि आयोग सम्बन्धी समन्वयात्मक बैठक ३ पटक संचालन |
| **सहकारी** | तालिम संचालन | संख्या | सहकारी प्रशिक्षक प्रशिक्षण तालिम -१, सहकारी लेखापालन तथा वित्तीय विश्लेषण -१, COPOMIS तालिम -३ र सहकारी सञ्चालक र कर्मचारीलाई सहकारी नेतृत्व र व्यवस्थापन विकास तालिम -३ पटक संचालन |
| | भवन निर्माण | संख्या | सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको भवन निर्माण सम्पन्न |

तालिका ६-१० भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रमुख उपलव्धीहरु

### ६.६.३. अन्य उपलव्धीहरु:

समिक्षा अवधिमा देहायका कार्याविधि र मापदण्ड स्वीकृत भएका छन्।

- वार्षिक विकास कार्यक्रम संचालन मापदण्ड, २०८०
- स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

## ६.७. आन्तरिक मामिला तथा कानून मन्त्रालय

### ६.७.१. वित्तीय विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालयको चालु आर्थिक वर्ष २०८०/८१ को समिक्षा अवधिको खुद बजेट विनियोजन र सोहि अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | पूँजीगत | कूल जम्मा |
|---|---|---|---|
| विनियोजन | १४६०२१ | २४७९८० | ३९४००१ |
| खर्च | ३१९३८ | ३७१७७ | ६९११५ |
| खर्च प्रतिशत | २१.८७ | १४.९९ | १७.५४ |

तालिका ६-११ समीक्षा अवधिसम्म आन्तरिक मामिला तथा कानून मन्त्रालयको विनियोजन र खर्चको अवस्था

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल ३९ करोड ४० लाख १ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १४ करोड ६० लाख २१ हजार र पूँजीगततर्फ रू. २४ करोड ७९ लाख ८० हजार विनियोजन गरिएको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ३ करोड १९ लाख ३८ हजार र पूँजीगततर्फ रू. ३ करोड ७१ लाख ७७ हजार खर्च भई कूल रू. ६ करोड ९१ लाख १५ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट विनियोजनको १७.५४ प्रतिशत खर्च भएको छ।

### ६.७.२ प्रमुख उपलब्धि

आन्तरिक मामिला तथा कानून मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

| क्षेत्र | मुख्य सूचकहरु | इकाई | उपलब्धि |
|---|---|---|---|
| सञ्चार | पत्रकारहरुको क्षमता विकास | जना | अन्तिम प्रतिवेदन आउन बाँकी |
| | राजपत्र प्रकाशन | संख्या | भाग प्रकाशन भएको 6 |
| | प्रदेश लोक कल्याणकारी विज्ञापन द्वारा जनचेतना | संख्या | थान सूचना प्रशारण तथा 115 प्रकाशित गर्नको लागि सम्झौता भएको। |
| शान्ति सुरक्षा | ईप्रका कमलबजार भवन निर्माण(क्रमागत) | संख्या | निर्माणाधिन |
| | ईप्रका टीकापुर भवन निर्माण(क्रमागत) | संख्या | निर्माणाधिन |

| क्षेत्र | मुख्य सूचकहरु | इकाई | उपलब्धि |
|---|---|---|---|
| | प्रहरी चौकी काडाँ बाजुरा भवन निर्माण(क्रमागत) | संख्या | निर्माणाधिन |
| | इलाका प्रहरी कार्यालय पुचौंडी बैतडी भवन निर्माण(क्रमागत) | संख्या | निर्माणाधिन |
| | सिमामा अलपत्र परेका नागरिकहरुलाई सहायता | संख्या | जनाको उद्दार गरेको 27 |
| **कानून** | कानूनी दस्तावेजको संग्रह प्रकाशन | संख्या | प्रकाशनको क्रममा रहेको |
| | कानून तथा मानव अधिकार सम्बन्धी सचेतना | संख्या | जान सुसुचित भएका 400 |
| | संवैधानिक शिक्षा प्राप्त विधार्थीहरु | संख्या | विद्यार्थी सुसुचित जना 800 भएका |
| **विपद् व्यवस्थापन** | प्रदेश विपद् व्यवस्थापन कोष स्थापना | पटक | स्थापना भएको |
| | प्रदेशका जोखिमयुक्त नदिहरुमा बाढि पुर्व सूचना उपकरण जडान | पटक | नदिमा जडानको भई रहेको 6 |
| | बिद्यार्थी बिपद् सचेतना कार्यक्रम | संख्या | जना बिद्यार्थी सुसुचित 800 भएका |

तालिका ६-१२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रमुख उपलव्धीहरु

## ६.७.२. बहुवर्षिय योजनाको हालसम्मको प्रगति स्थितिः

(रु. हजारमा)

| क्र.स. | आयोजनाको नाम | अवस्थित जिल्ला | आयोजना सुरु भएको बर्ष | आयोजना को प्रारम्भिक लागत | आयोजना को संशोधित लागत | आ.ब. २०७९/८० सम्मको खर्च | चालु आ.ब.को विनियोजन | चालु आ.ब.को पौष मसान्त सम्मको खर्च | चालु आ.ब.को पौष मसान्त सम्मको भौतिक प्रगति | हाल सम्मको मुख्य भौतिक प्रतगि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय, पुचौंडी | बैतडी | २०७७।७८ | १९१२४ | नभएको | ३१४१ | ३००० | ० | ९० | फिनिसिङ्ग कार्य बाँकी |
| २ | प्रहरी चौकी, काँडा | बाजुरा | २०७७।७८ | २६९११ | नभएको | ७८७१ | ५५०० | ० | ८० | फिनिसिङ्ग कार्य बाँकी |
| ३ | ईलाका प्रहरी कार्यालय कमलबजार | अछाम | २०७९/८० | ५६०७० | नभएको | ४३०० | ४८५०० | २३४०० | ७० | प्लास्टर हुदै |
| ४ | ईलाका प्रहरी कार्यालय ब्यारेक निर्माण | कैलाली | २०७९/८० | २३१०६ | नभएको | २२०० | २०००० | ६६२२ | ५० | दोस्रो तलाको ढलान सम्पन्न |

तालिका ६-१३ समीक्षा अवधिसम्म आन्तरिक मामिला मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाहरुको प्रगति

## ६.८. भौतिक पूर्वाधार विकास मन्त्रालय

### ६.८.१. वित्तीय विवरण

भौतिक पूर्वाधार विकास मन्त्रालयको चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्मको वित्तीय विवरण निम्नानुसार रहेको छ।

(रू. हजारमा)

| विवरण | चालु | पूँजीगत | कूल जम्मा |
|---|---|---|---|
| विनियोजन | ४९७९१७ | १२१९६२७७ | १२६९४१९४ |
| खर्च | १७००७२ | १७१२८७४ | १८८२९४६ |
| खर्च प्रतिशत | ३४.१६ | १४.०४ | १४.८३ |

तालिका ६-१४ समीक्षा अवधिसम्म भौतिक पूर्वाधार विकास मन्त्रालयको विनियोजन र खर्चको अवस्था

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल रू. १२ अर्ब ६९ करोड ४१ लाख ९४ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ४९ करोड ७९ लाख १७ हजार र पूँजीगततर्फ रू. १२ अर्ब १९ करोड ६२ लाख ७७ हजार रहेको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. १७ करोड ७२ हजार र पूँजीगततर्फ रू. १ अर्ब ७१ करोड २८ लाख ७४ हजार गरी कूल रू. १ अर्ब ८८ करोड २९ लाख ४६ हजार खर्च भएको छ । समग्रमा यस मन्त्रालयबाट विनियोजनको १४.८३ प्रतिशत खर्च भएको छ।

### ६.८.२. प्रमुख उपलब्धि

भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

**प्रदेश गौरवको आयोजनाको अर्धवार्षिक अवधिको अवस्थाः**

| सि.नं. | जिल्ला | योजनाको नाम | हालको अवस्था |
|---|---|---|---|
| १ | बाजुरा | खसड-मार्तडी सडक | जम्मा ६० कि.मि सडकमध्ये हाल यो सडक खण्डअन्तर्गत २० किमी कालोपत्रे र ३० किमी upgrading को निर्माण कार्य भइरहेको (समपुरक अनुदानबाट) |
| २ | बैतडी | सदबाज-श्रीभावर-हाट-दार्चुला सडक | जम्मा ९० कि.मि. सडकमध्ये ५३ कि.मि निर्माणको ठेक्का भएकोमा हाल ६ कि.मि कालोपत्रे र १७ कि.मि स्तरोन्नतीको कार्य भईरहेको। |

| सि.नं. | जिल्ला | योजनाको नाम | हालको अवस्था |
|---|---|---|---|
| ३ | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | जम्मा २०३ कि.मि मध्ये ३५ कि.मि. निर्माण सम्पन्न, |
| ४ | डडेल्धुरा | दैजी-पोखरा--ढुङ्गाड--बझाङ्ग सडक | पोखरा -बेलापुर सडक खण्ड १८ कि.मि.,गाईबादे लिप्ना सडक खण्ड १२ कि.मि.सलोन-चिर्किट्टे सडक खण्ड ४५ कि.मि. गरी जम्मा ७५ कि.मि सडक निर्माणाधिन र जोगबुढा लिप्ना सडक खण्ड ५ कि.मि. निर्माण सम्पन्न । |
| ५ | दार्चुला | देउथा-खार-खलङ्गा-खण्डेश्वरी सडक | जम्मा ९३ कि.मि. सडक मध्ये ३२ कि.मि निर्माणको ठेक्का सम्झौता भई हाल ६ कि.मि कालोपत्रे र २१ कि.मि स्तरोन्नतीको कार्य भइरहेको। |
| ६ | बझाङ्ग | दिपायल-साइपाल सडक | विस्तृत इन्जिनियरिंग अध्ययन भएको २५ कि.मि. मध्ये १४ कि.मि. सडकको निर्माण कार्य चलिरहेको । |
| ७ | डोटी | सहजपुर-बोक्टान--पायल सडक | रानागाउँ-वायल-बासुदेवी-मडघर सडक खण्डको ३१ कि.मि निर्माणाधिन तथा राजपुर-रानागाउँ-वायल सडक खण्डको १७ कि.मि निर्माण सम्पन्न। |
| ८ | कंचनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर सडक | ४३ कि.मि. मध्ये ३८ कि.मि बनेको र ९.१ कि.मि. सडक निर्माण कार्य चलिरहेको। १७.४३ कि.मि. कालो पत्रे सम्पन्न । |
| ९ | कैलाली | भजनी-छोटीभन्सार-खेमडी -ठुलीगाड सडक ( ८० कि.मि) | ३८ कि.मि डि.पि.आर, ५ कि.मि. ग्राबेलसडक निर्माण , २५ कि.मि. कालोपत्रे (पुरानो- ओटासिल), ३ कि.मि. सडक निर्माणधिन। सम्पूर्ण संचरना निर्माण भई सडक कालोपत्रे गर्ने कार्य बाँकी रहेको। |

तालिका ६-१५ समीक्षा अवधिसम्म भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश गौरवका आयोजनाहरुको प्रगतिको अवस्था

### ६.८.३. क्षेत्रगत उपलब्धिः

**१. खानेपानी तथा सरसफाई**

- समिक्षा अवधिमा ३२ वटा खानेपानी योजना र २१ वटा पानी पोखरी निर्माण संम्पन्न भई कुल ७ हजार २ सय १२ जनाले स्वच्छ खानेपानी उपलब्ध भएको

छ। साथै ४१ वटा खानेपानी आयोजनाको इन्टेक निर्माण सम्पन्न भएको छ भने २२ किलोमिटर पाइपलाइन जडान भएको छ।

## २. जलस्रोत तथा सिंचाई

- जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यलयहरु र भूमिगत जलस्रोत कार्यलयबाट समिक्षा अवधिमा २८ वटा सिंचाई योजनाको इन्टेक, १७ वटा सिंचाई योजनाको नहर निर्माण र १३ वटा योजनाको निर्माण संम्पन्न भई कुल २ हजार ५ सय ३८ हेक्टर क्षेत्रफल जमिनमा सिंचाई सुविधा उपलब्ध भई कुल ६ हजार ३ सय ७८ जनसंख्या लाभान्वित भएका छन।

## ३. पूर्वाधार विकास

- पूर्वाधार विकास कार्यलयहरुबाट अर्धवार्षिक अवधिमा ९१ किलोमिटर ग्रावेल सडक निर्माण, ८ किलोमिटर पक्कि सडक निर्माण, भई कुल ५ हजार ३ सय जनसंख्या लाभान्वित भएका छन।

## ४. शहरी बिकास तथा भवन निर्माण

- सहरी विकास तथा भवन कार्यालयबाट समिक्षा अवधिमा १२ वटा सरकारी/सामुदायिक भवन निर्माण, ५ वटा जनता आवास योजना निर्माण र एकिकृत बस्ती निर्माणको कार्य भइरहेको साथै १४ वटा योजना सम्पन्न भई कुल १ सय ३ जना लाभान्वित भएका छन।

## ५. अन्यः

- प्रदेश यातायात व्यवस्था ऐन, २०७९(पहिलो संशोधन) संसदबाट पारीत भई कार्यान्वयनमा रहेको।
- सुदूरपश्चिम प्रदेशको खानेपानी ऐन, सिंचाइ ऐन, सम्बन्धि कार्यविधिको मस्यौदा तयार भई विज्ञहरुसँग छलफल गरी सम्बन्धित प्रदेश मन्त्रालयहरुको राय परामर्शका लागि अन्तिम तयारीमा रहेको।
- PLRIP आयोजना कार्यालयको संगठन संरचना स्वीकृत भई आयोजना कार्यान्वयनको कार्य अगाडि बढेको
- सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहमा N-WASH MIS को लागि लागत साझेदारी गर्ने कार्य भइरहेको।
- आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम अनुरुप बार्षिक बजेटमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको।

## ६.९. सामाजिक विकास मन्त्रालय

### ६.९.१. वित्तीय विवरण

सामाजिक विकास मन्त्रालयका लागि आर्थिक वर्ष २०८०/८१ को समिक्षा अवधिको बजेट विनियोजन र सोहि अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

(रू. हजारमा)

| विवरण | चालु | पूँजीगत | कूल जम्मा |
|---|---|---|---|
| **विनियोजन** | ३८६७०२२ | १४३८९३० | ५३०५९५२ |
| **खर्च** | ९००६९८ | १९६३१६ | १०९७०१४ |
| **खर्च प्रतिशत** | २३.२९ | १३.६४ | २०.६८ |

तालिका ६-१६ समीक्षा अवधिसम्म सामाजिक विकास मन्त्रालयको विनियोजन र खर्चको अवस्था

सामाजिक विकास मन्त्रालयमा चालु आर्थिक वर्षको लागि चालुतर्फ ३ अर्ब ८६ करोड ७० लाख २२ हजार र पुँजीगततर्फ १ अर्ब ४३ करोड ८९ लाख ३० हजार गरी जम्मा रू. ५ अर्ब ३० करोड ५९ लाख ५२ हजार विनियोजन गरिएको छ। विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ९० करोड ६ लाख ९८ हजार र पूँजीगततर्फ रू. १९ करोड ६३ लाख १६ हजार गरी कूल रू. १ अर्ब ९ करोड ७० लाख १४ हजार खर्च भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सामाजिक विकास मन्त्रालयबाट कूल विनियोजनको २०.६८ प्रतिशत खर्च भएको छ।

### ६.९.२ प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा मन्त्रालयबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

| क्षेत्र | उपलब्धि |
|---|---|
| **सामाजिक विकास** | |
| १) गेटा आँखा अस्पतालको लागि आँखा सम्बन्धीका औजार उपकरण खरिद | स्वास्थ्य कार्यालय कैलाली मार्फत खरिद प्रकृया अगाढि बढेको |
| २) आर्थिक रुपमा विपन्न नागरिकको औषधि उपचार सहायता कार्यक्रम | आर्थिक रुपमा विपन्न नागरिक ६२ जनालाई आर्थिक सहायता प्रदान गरिएको |
| ३) विस्तारित स्वास्थ्य सेवा EHS इलेक्ट्रोनिक हेल्फ रेकर्ड सिस्टम EHRS र टेलि मेडिसिन सेवा विस्तार | कार्यान्वयन चरणमा |

| क्षेत्र | उपलब्धि |
|---|---|
| ४) सेती महाकाली र टीकापुरमा डायलायसिस र सघन उपचार सेवा | सेती र महाकालीमा सुचारुमा रहेको तथा टीकापुरमा प्रक्रियामा रहेको |
| ५) कोल्टी गोकुलेश्वर जोगबुढा र लम्किचुहा अस्पतालको स्तरोन्नती | सम्बन्धित स्वास्थ्य कार्यालयहरुमा अख्तियारी हस्तान्तरण |
| ६) मुख्यमन्त्री स्वास्थ्य सुधार तथा पोषण सुधार कार्यक्रम | स्वास्थ्य निर्देशानालयमा हस्तान्तरण भई कार्यान्वयनमा रहेको |
| ७) प्रदेशमा प्रशामक सेवा रणनीति निर्माण गर्ने | रणनीति मस्यौदा तयारी चरणमा |
| ८) संघ सरकारको समन्वयमा स्वास्थ्य सुरक्षाका लागि बिमा कार्यक्रम तथा महिला स्वास्थ्य स्वय् सेविका कार्यक्रम | स्वास्थ्यकर्मि तथा महिला स्वास्थ्य स्वय् सेविकाको बिमा गरिदैं |
| **शिक्षा तर्फ** | |
| १) महाकाली मा वि बेलौरीमा स्थापना गरिने प्रदेशका बौध्दिक अपाङ्गता भएका बालबालिकाका लागि सुविधायुक्त आवासीय विद्यालयको स्थापना | प्रदेश र संघको सहकार्यमा निर्माणाधिन |
| २) विद्यालय दिवा खाजा कार्यक्रम | कार्यविधि स्विकृत भई कार्यान्वयन चरणमा रहेको |
| ३) मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | मस्यौदा निर्माण भई कार्यविधि स्विकृत हुन बाँकी |
| ४) प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम संचालन गरिरहेका सामुदायिक विद्यालयहरुलाई ल्याब सुदृढीकरणा अनुदान | सामाजिक विकास कार्यालयहरुमा अख्तियारी हस्तान्तरण भई कार्यान्वयन भईरहेको |
| ५) प्रदेशभित्रका संचालिक पोलिटेक्निक/बहुप्रविधिक शिक्षालयहरुलाई Center of Execellence नमूनाको रुपमा विकास गर्न प्रस्तावको आधारमा पूँजीगत अनुदान | कार्यान्वयनमा रहेको |
| ६) कार्य संपादनका आधारमा सामुदायीक क्याम्पसहरुलाई अनुदान | कार्यान्वयनमा रहेको |
| ७) कार्य संपादनका आधारमा विज्ञान विषय पढाई हुने सरकारी क्याम्पसहरुलाई अनुदान | कार्यान्वयनमा रहेको |
| ८) छात्रवृत्ति वितरण कार्यक्रम | MBBS छात्रवृत्तिका निम्ति विद्धार्थि छनोट वादि छात्रवृत्ति वितरणका लागि कार्यविधि मस्यौदा तयार भई मन्त्रिपरिपद्मा पेश चरणमा |
| ९) प्रदेश विश्वविद्यालय स्थापना सम्बन्धी संचालन तथा व्यवस्थापन | कार्यदल गठन भई ऐनको मस्यौदा तयार भएको |

| क्षेत्र | उपलब्धि |
|---|---|
| **सामाजिक विकासतर्फ** | |
| १) ज्येष्ठ नागरिक स्याहारकर्ता तालिम | ज्येष्ठ नागरिक सेन्टरहरुलाई तालिम प्रदान |
| २) महिलाहरुका लागि लोकसेवा तयारी कक्षा | सामाजिक विकास कार्यालयहरुले कार्यक्रम संचालन गरिरहेका |
| ३) उत्कृष्ट उद्यमी महिला सम्मान कार्यक्रम | कार्यविधिको मसौंदा तर्जुमा भएको |
| ४) समतामूलक समाज निर्माण र सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश निर्माणका लागि अभियन्ताहरुसंग अन्तरक्रिया | प्रस्तावहरु प्राप्त भई सकेको |
| ५) सामाजिक समावेशीकरण नीतिप्रादेशिक / लैङ्गिक परीक्षण सम्बन्धी /अपाङ्गता नीति दिने अन्तरक्रिया सरोकारवालाहरु संग १ कार्यक्रम | लै स सा स परिक्षण कार्यविधि २०८० स्विकृत भई कार्यान्वयन चरणमा |
| ६) अपाङ्गता भएका व्यक्तिहरुका लागि आबश्यक कृत्रिम अंगहरु हातखुट्टाका/ अर्थोसिस र प्रोस्थेटिक सेवा कार्यक्रम | स्वास्थ्य निर्देशानालय मार्फत काम भईरहेको |
| ७) लैंगिक तथा यौनिक अल्पसंख्यकका विषयमा सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम | लैंगिक तथा यौनिक अल्पसंख्यकका विषयमा सरोकारवालहरु जनकार भईरहेका |

तालिका ६-१७ समीक्षा अवधिसम्म सामाजिक विकास मन्त्रालयको क्षेत्रगत उपलब्धिहरु

### ६.९.२. अन्य उपलब्धिः

- सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधी, २०८०
- राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८०
- सहयोगापेक्षी सडक मानवमुक्त क्षेत्रमा कार्यरत संघ संस्थालाई दिइने अनुदान सम्बन्धी कार्यविधि, २०८०

## ६.१०. प्रदेश नीति तथा योजना आयोग

### ६.१०.१. वित्तीय विवरण

प्रदेश नीति तथा योजना आयोगको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | पूँजीगत | कूल जम्मा |
|---|---|---|---|
| **विनियोजन** | २९७३२ | १२०० | ३०९३२ |
| **खर्च** | ८४५२ | ५० | ८५०२ |
| **खर्च प्रतिशत** | २८.४३ | ४.१७ | २७.४९ |

तालिका ६-१८ समीक्षा अवधिसम्म प्रदेश नीति तथा योजना आयोगको विनियोजन र खर्चको अवस्था

प्रदेश नीति तथा योजना आयोगमा चालु आर्थिक वर्षको लागि कूल रू. ३ करोड ९ लाख ३२ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. २ करोड ९७ लाख ३२ हजार र पूँजीगततर्फ रू. १२ लाख रहेको छ। आयोगमा विनियोजित कूल रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ८४ लाख ५२ हजार र पूँजीगततर्फ रू. ५० हजार गरी जम्मा रू. ८५ लाख २ हजार खर्च भएको छ। समग्रमा प्रदेश नीति तथा योजना आयोगबाट कूल विनियोजनको २७.४९ प्रतिशत खर्च भएको छ।

### ६.१०.२. प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा प्रदेश नीति तथा योजना आयोगबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- चालु आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रथम त्रैमासिक प्रगति समिक्षा सम्पन्न गरेको
- आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको
- सुदूरपश्चिम प्रदेश आयोजना बैंक तर्जुमा दिग्दर्शन ,२०८० को मस्यौदा छलफल गरिएको
- प्रमुख सचिवको अध्यक्षतामा बस्ने अनुगम तथा मुल्यांकन समितिको बैठक चालु आर्थिक वर्षबाट बसी जिल्लागत अनुगमन तालिका अनुसार अनुगमन गर्ने कार्यको थालनी गरेको
- प्रदेश गौरवका आयोजनाहरुको अनुगमन कार्य गर्ने कार्य गरी सम्बन्धित निकायलाई पृष्ठपोषण गरेको
- प्रदेश सरकारबाट स्थानीयलाई प्रदान गरिने समपुरक तथा विशेष अनुदानका आयोजनाहरुको अनुगमन गरीएको

- संघीय १६ औं पन्चवर्षीय योजनाका लागि स्थानीय तहबाट सुझाव संकलन र प्रदेश स्तरमा सरोकारवालाहरुसंग छलफल कार्यक्रम संचालन गरिएको
- विभिन्न समन्यवनायात्मक कार्यहरु गरेको
- नियमित बैठकहरु संचालन गरेको
- लगानी सम्मेलन र आयोजना बैंक संबन्धित कार्यक्रम संचालन गरेको
- आयोगबाट सुदूरपश्चिम प्रदेश आयोजना बैंक तर्जुमा दिग्दर्शन,२०८० स्वीकृत गरी लागु गरिएको

# परिच्छेद – ७
# खर्च र स्रोत परिचालनको संशोधित अनुमान र आधार

## ७.१. खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८०/८१ को लागि कूल विनियोजन रू. २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार रहेको छ । जसमध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. २ अर्ब ५६ करोड ४६ लाख १६ हजार अर्थात् विनियोजनको तुलनामा २१.४७ प्रतिशत र पूँजीगततर्फ रू. २ अर्ब ४ करोड ७० लाख ५ हजार अर्थात् विनियोजनको तुलनामा १२.०३ प्रतिशत यथार्थ खर्च भएको छ। अघिल्लो आर्थिक २०७९/८० को सोहि अवधिमा चालुतर्फ रू. २ अर्ब ६० करोड ८६ लाख ५१ हजार अर्थात् विनियोजनको तुलनामा २१.२१ प्रतिशत र पूँजीगततर्फ रू. २ अर्ब ६३ करोड ८६ लाख ६८ हजार अर्थात् विनियोजनको तुलनामा १०.९३ प्रतिशत यथार्थ खर्च भएको थियो ।

चालु आर्थिक वर्षको अन्त्यसम्ममा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको अवस्था निम्नानुसार रहने संशोधित अनुमान रहेको छ।

(रू. हजारमा)

| शिर्षक | आर्थिक वर्ष २०७९/८० | | | समष्टिगत स्थिति | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | प्रतिशत | आर्थिक वर्ष २०८०/८१ को बजेट | २०८० पौषसम्मको यथार्थ खर्च | आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| **चालु खर्च** | १२३०१७०४ | ८२४८५७९ | ६७.०५ | ११९४३५७२ | २५६४६१६ | ९५५२०३६ | ७९.९८ |
| **पूँजीगत खर्च** | २४१४४७६१ | १५८१४५१६ | ६५.५० | १७०२२३६० | २०४७००५ | १४७१५०९० | ८६.४५ |
| **वित्तीय व्यवस्था** | ३०००००० | ० | ०.०० | ३०००००० | ० | ३०००००० | १००.०० |
| **जम्मा** | ३६७४६४६५ | २४०६३०९५ | ६५.४८ | २९२६५९३२ | ४६११६२१ | २४५६७१२६ | ८३.९४ |

तालिका ७-१ चालु आर्थिक वर्षको संशोधित अनुमानको खर्चको समष्टिगत स्थिति

### ७.१.१. खर्च संशोधनका आधार

अघिल्लो आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा यथार्थ खर्च कूल विनियोजनको ६५.४८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको अन्त्यसम्म ८३.९४ प्रतिशत खर्च हुने गरी खर्चको संशोधित अनुमान गरिएको छ। खर्चको अनुमान संशोधन गर्दा अघिल्लो आर्थिक वर्षको यथार्थ खर्च, चालु आर्थिक वर्षको पहिलो ६ महिनाको खर्चका अतिरिक्त निम्नानुसारका आधारहरू लिइएको छः-

क. चालु अर्थिक वर्षमा नयाँ बजेटको अधिकांस हिस्सा वहुवर्षीय, क्रमागत र प्रदेश गौरवका आयोजनाहरुमा विनियोजन भएकोले पुँजीगत बजेट खर्चमा वृद्धि हुने दखिन्छ,

ख. धेरैजसो ठूला विकास निर्माणका कार्यक्रम तथा आयोजनाको ठेक्का सम्झौता लगायतका कार्यहरू पहिलो अर्धवार्षिक अवधिमा सम्पन्न भई कार्यान्वयनमा गैसकेकाले आगामी दिनमा खर्चमा वृद्धि हुने देखिन्छ,

ग. भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका केहि नयाँ आयोजनाको लागि पहिलो अर्धवार्षिक अवधिमा नै बहुवर्षीय कार्यक्रमको रूपमा सञ्चालन गर्ने गरी सहमति प्रदान गरिएको र उक्त आयोजना कार्यान्वयन चरणमा रहेको हुँदा सिर्जित दायित्वले गर्दा खर्च वृद्धि हुने देखिन्छ,

घ. विभिन्न मन्त्रालयमा स्वीकृत एकमुष्ट बजेट तथा कार्यक्रमको बाँडफाँट गरी सम्बन्धित खर्च गर्ने इकाईहरूमा पठाई सकिएकोले आगामी दिनमा कार्यक्रम कार्यान्वयनमा तीव्रता आई खर्च वृद्धि हुने देखिन्छ,

ङ. प्रदेश सरकार अन्तर्गत प्रदेश लोक सेवा आयोगबाट नयाँ जनशक्तिको पदपूर्ति भएको र विभिन्न नयाँ निकाय र कार्यालयको स्थापना तथा विस्तार भएकोले आगामी दिनमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा थप तीव्रता आई बजेट खर्च उल्लेख्य रूपमा बढ्ने देखिन्छ।

### ७.१.२. चालु खर्च अनुमान

चालु आर्थिक वर्षको पहिलो छ महिनामा भएको खर्च र बाँकि अवधिमा हुने खर्चको अनुमान समेतका आधारमा चालु आर्थिक वर्षमा चालु खर्चतर्फ विनियोजित रकमको ७९.९८ अर्थात् रु. ९ अर्ब ५५ करोड २० लाख ३६ हजार खर्च हुने संशोधित अनुमान गरिएको छ।

### ७.१.३. पुँजीगत खर्च अनुमान

चालु आर्थिक वर्षको पहिलो छ महिनामा भएको खर्च र बाँकि अवधिमा हुने खर्चको अनुमान समेतका आधारमा चालु आर्थिक वर्षमा पुँजीगत खर्चतर्फ विनियोजित रकमको ८६.४५ अर्थात् रु. १४ अर्ब ७१ करोड ५० लाख ९० हजार खर्च हुने संशोधित अनुमान गरिएको छ।

**चालु आर्थिक वर्ष २०७९/८० को खर्चको संशोधित अनुमान**

चालु आर्थिक वर्षमा चालुतर्फ रु. ९ अर्ब ५५ करोड २० लाख ३६ हजार, पुँजीगततर्फ रु. १४ अर्ब ७१ करोड ५० लाख ९० हजार र वित्तीय व्यवस्थातर्फ ३० करोड गरी कुल खर्च २४ अर्ब ५६ करोड ७१ लाख २६ हजार खर्च हुने संशोधित अनुमान गरिएको छ। यो रकम सुरु विनियोजनको ८३.९४ प्रतिशत हो।

## ७.२. स्रोतगत खर्च अनुमान

चालु आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोत परिचालनको लागि कूल रू. २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार व्यवस्था गरिएको छ। समग्र स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्व संकलन रू. १ अर्ब ५० करोड, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रू. १४ अर्ब ४२ करोड १९, बाँडफाँट भई प्राप्त हुने राजस्व (मुल्य अभिवृद्धि कर र अन्तशुल्क) वापत रू. ९ अर्ब ४१ करोड १७ लाख, रोयल्टी रू. ६ करोड ५६ लाख ८ हजार र नगद मौज्दात रू. ३ अर्ब ८६ करोड ६७ लाख २४ हजार वार्षिक लक्ष्य राखिएको छ।

समिक्षा अवधिसम्म नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट रु. २ अर्ब २ करोड ७९ लाख ५८ हजार र प्रदेश सरकारको स्रोतबाट रु. २ अर्ब ५८ करोड ३६ लाख ६३ हजार खर्च भएको छ।

चालु आर्थिक वर्षको अन्त्यसम्ममा नेपाल सरकार स्रोततर्फबाट रु. १० अर्ब ६५ करोड १ लाख ७६ हजार खर्च हुने संशोधित अनुमान छ भने प्रदेश सरकार स्रोततर्फ रु. १३ अर्ब ९१ करोड ६९ लाख ५० हजार खर्च हुने संशोधित अनुमान रहेको छ।

(रु. हजारमा)

| शिर्षक | आर्थिक वर्ष २०७९/८० | | | | समष्टिगत स्थिति | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुरु अनुमान | यथार्थ प्राप्ति | यथार्थ खर्च | यथार्थ प्राप्तिको तुलनामा खर्च प्रतिशत | आ.व. २०८०/८१ को बजेट | पुषसम्मको यथार्थ खर्च | आ.व. २०८०/८१ संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| प्रदेश सरकार | १९१८८१६५ | १६२२१४८९ | १३३७३८४९ | ८२.४५ | १४८४४०३२ | २५८३६६३ | १३९१६९५० | ९३.७५ |
| नेपाल सरकारबाट प्राप्त हुने अनुदान (सशर्त, समपुरक, विशेष र समानीकरण) | १७५५८३०० | १४३३९७१० | १०६८९२४६ | ७४.५४ | १४४२१९०० | २०२७९५८ | १०६५०१७६ | ७३.८५ |
| जम्मा | ३६७४६४६५ | ३०५६११९९ | २४०६३०९५ | ७८.७४ | २९२६५९३२ | ४६११६२१ | २४५६७१२६ | ८३.९४ |

तालिका ७-२ स्रोतगत खर्च परिचालनको संशोधित अनुमान

# परिच्छेद – ८
# बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको अवधिमा प्रदेश सरकारले बजेट तथा कार्यक्रम कार्यान्वयन र स्रोत परिचालनको क्रममा पहिचान गरिएका समस्या र बाँकि अवधिको आय र व्ययको संशोधित अनुमानका आधारमा चालु आर्थिक वर्षको बजेटलाई प्रभावकारी रुमपा कार्यान्वयन गरी लक्षित नतिजा प्राप्त गर्न देहाय बमोजिमका थप कार्य गर्नुपर्ने देखिएको छ।

## ८.१. बजेट कार्यान्वयन

क. चालु खर्चमा मितव्ययिता कायम गर्न सबै सरकारी संस्थामा नयाँ संरचना र दरबन्दी सिर्जना नगर्ने

ख. चालु खर्च विनियोजनको मापदण्ड बनाई मितव्ययिता कायम गर्ने

ग. चालु आर्थिक वर्षमा सिर्जना भएको दायित्व अर्को आर्थिक वर्षमा सार्ने प्रवृत्तिलाई न्यूनीकरण गर्ने

घ. अति आवश्यक अवस्थामा बाहेक चालु खर्चको लागि थप निकासा नगर्ने

ङ. आयोजनाको बहुवर्षीय ठेक्का सहमति मापदण्डभित्र परेका बाहेक कुनै पनि आयोजना तथा कार्यक्रमलाई स्रोत सहमति उपलब्ध नगराउने

च. प्रदेश गौरव, क्रमागत, ठुला र रणनीतिक महत्वका आयोजनाबाट अन्य आयोजना/कार्यक्रममा रकमान्तर प्रस्ताव नगर्ने

छ. स्वीकृत बजेट तथा कार्यक्रमको उद्देश्य फरक हुने गरी आयोजना/कार्यक्रम संशोधन/रकमान्तर प्रस्ताव नगर्ने

ज. आयोजना/कार्यक्रम संचालन विधि तय नभयका र कार्यविधि, मापदण्ड स्वीकृत नभएका कार्यक्रमहरु समर्पण गर्ने

## ८.२. राजस्व व्यवस्थापनतर्फ

क. असुलउपर गर्नुपर्ने बेरुजु तथा बक्यौता र राजस्व असुलीको कार्य प्राथमिकताका साथ अगाडी बढाउने

ख. बजेट विनियोजन भई वा आन्तरिक आम्दानीतर्फको सरकारी रकम विभिन्न कोषहरूमा रहेको वा फ्रिज भएको अवस्थामा सो रकम संचित कोषमा दाखिला गराउने व्यवस्था गर्ने

**ग.** प्रदेश सरकारका विभिन्न कोषमा निष्क्रिय रहेका रकमहरु संचित कोषमा जम्मा गरी परिचालन गर्ने।

## अनुसूची -१

## चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा स्वीकृति प्रदान गरिएका बहुवर्षीय योजनाहरूको बिस्तृत विवरण

(रु हजारमा)

| सि . नं. | योजनाको नाम | अनुमानित लागत | चालु आ.व.२०८०/८१ मा विनियोजित रकम | आगामी आ.व. २०८१/८२ मा विनियोजन गर्नपर्ने थप रकम |
|---|---|---|---|---|
| १ | धनगढी उप-महानगरपालिका — २ पुरानो भन्सार सडक स्तरउन्नति | ४५000 | १५००० | ३०००० |
| २ | धनगढी उप-महानगरपालिका — ३ नेसनल मार्ग | १५000 | ५००० | १०००० |
| ३ | वाणिज्य वैङ्क देखि सौराई होटल हुदै Ring Road जोड्ने सडक स्तरउन्नति, ध.उ.न.पा-३, कैलाली | १५000 | ५००० | १०००० |
| ४ | टेम्पल रिसोर्ट देखि शिवपुरीधाम हुदै वडा न ४ को कार्यालय जाने सडक स्तरउन्नति, ध उ म न पा ४, कैलाली | ५९९00 | २०००० | ३९९०० |
| ५ | धनगढी उप-महानगरपालिका — १ त्रिबेणी सडक स्तरउन्नति | ४५000 | १५००० | ३०००० |
| ६ | पुष्पलाल चोक देखि धनगढी गाउँ सम्म सडक स्तरउन्नति, धनगढी उप-महानगरपालिका — १ र ८ | ४४८00 | १५००० | २९८०० |
| ७ | धनगढी उप-महानगरपालिका — २ रुवस होटेल बैयाबेहडी सडक स्तरउन्नति | ४५000 | १५००० | ३०००० |
| ८ | धनगढी उप-महानगरपालिका — ८ कैलाली बहुमुखी देखी जाखौर ताल जाने सडक स्तरउन्नति | ३००00 | १०००० | २०००० |

| सि . नं. | योजनाको नाम | अनुमानित लागत | चालु आ.व.२०८०/८१ मा विनियोजित रकम | आगामी आ.व. २०८१/८२ मा विनियोजन गर्नपर्ने थप रकम |
|---|---|---|---|---|
| ९ | धनगढी गाउँ- जुगेडा सडक स्तरउन्नति — वडा न. ८, ९, १० र १२ | २९८00 | १0000 | १९८00 |
| १0 | सामुदायिक प्रहरी पिपल चौतारा देखी बोराडाडी हुदै फाप्ला रिङरोड सम्म सडक स्तरउन्नति, धनगढी उप-महानगरपालिका — ५ ,४ र ३ कैलाली | ८९९00 | ३0000 | ५९९00 |
| ११ | धनगढी उप-महानगरपालिका — ५ नैनादेवी पुरानो हसनपुर सडक स्तरउन्नति | ३0000 | १0000 | २0000 |
| १२ | राजपुर चोक देखि पुर्व वडा कार्यालय जाने सडक स्तरउन्नति , धनगढी १३, कैलाली | १५000 | ५000 | १0000 |
| १३ | धनगढी उप-महानगरपालिका — १३ मैदा मिल देखी हिमाली टोल र कैलाली गाउँ प्रहरी पोष्ट हुदै ढुंगे बजार सडक स्तरउन्नति | ३0000 | १0000 | २0000 |
| १४ | नन्दलाल पन्तको घरदेखि पूर्व भरत जोशीको घर सम्म बाटो स्तरउन्नति सहित ढल निकास, धनगढी २, सन्तोषीटोल, कैलाली | १५000 | ५000 | १0000 |
| १५ | मल्लो मट्यारि ढुङ्गेबजार पश्चिम चोक देखी उत्तर तिर कृष्ण टोल र एकता टोल हुदैहुदै लक्ष्मीनगर जाने बाटो कलभर्ट र नाली सहित बाटो स्तरउन्नति धनगढी ६ कैलाली | २९७00 | १0000 | १९७00 |

| सि . नं. | योजनाको नाम | अनुमानित लागत | चालु आ.व.२०८०/८१ मा विनियोजित रकम | आगामी आ.व. २०८१/८२ मा विनियोजन गर्नपर्ने थप रकम |
|---|---|---|---|---|
| १६ | धनगढी उप-महानगरपालिका, कैलाली, ४ सहिदगेट शिवपुरी न्यूरोड सडक खण्ड देखि कैलाली मोडल चोकसम्म सडक स्तरउन्नति कालोपत्रे | १३३00 | ५००० | ८३०० |
| १७ | गठवन्धन चोक देखि शिवपुरीधाम सम्म सडक कालोपत्रे, धनगढी ४, कैलाली | १५०00 | ५००० | १०००० |
| १८ | वहिरा स्कुल देखि दक्षिणकाली टोल जाने वाटो स्तरउन्नति धनगढी ११, कैलाली | ३००00 | १०००० | २०००० |
| १९ | खसड बडिमालीका टोल मुख्य सडक, ध.उ.न.पा.-२, कैलाली | १५०00 | ५००० | १०००० |
| | **जम्मा** | ६१२४०० | २०५००० | ४०७४०० |